# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार


## सफलताको कथा
## खुसीको परिभाषा के हो ?



स्याङ्जा जिल्लाको पन्चमुलको स्वास्थ्य संस्थाबाट, राती सरदर १०:३० तिर फोन आयो। भन्नुहुन्छ; "हामीले सम्पुर्ण घर खुलिसक्दा पनि बच्चा जन्माउन नसकेको कारणले एक जना गर्भवती आमालाई स्याङ्जा अस्पताल पठाउदै छौं है" गर्भवती हाम्रो अस्पतालको आँगनमा आइसकेपछी हाम्रो अस्पतालको ड्युटीमा खटिएको स्वास्थ्यकर्मीहरुले चेकजाँच गर्यौं। जाँच गर्दैगर्दा ८/९ घर खुलिसकेको तर बच्चा तेर्सो अवस्थामा बसेको (Transverse Lie) साथै आमाको उच्च रक्तचाप (Pregnancy Induced Hypertension) रहेको भेटायौं। यति सम्म त ठिकै छ, अझ डरलाग्दो अवस्था के थियो भने बच्चाको मुटुको चाल धेरै नै अनियन्त्रित (Fetal Distress) भैसकेको अवस्था जब हाम्रो जाचले थाहा पायौं, हाम्रो पनि मुटुको चालले दौडधुप सुरु गर्न थाल्यो। सरसल्लाहको क्रममा गर्भवती पक्ष अति नै गरीब, दैनिक गुजाराको लागि आफ्नो जन्मथलोबाट धेरै पर आई ज्याला मजदुरीमा काम गर्ने भएकोले थप सुबिधा सम्पन्न अस्पतालमा जान नसक्ने गुनासो आएपछी, हाम्रो टिमले आफ्नो मुटुलाई थिर राखेर बच्चा र आमाको मुटुलाई सकेसम्म बचाउने अठोट गर्यौं। त्यही अठोटका अभिभावक डाक्टर नारायण बहादुर गोदार, डाक्टर पुजा सिन्हा, ड्युटीमा रहेका मेडिकल अधिकृत, नर्शिङ्ग कर्मचारी, तथा सम्पुर्ण सहयोगीद्वारा यस स्याङ्जा अस्पतालमा मध्यरातमा मात्र मुटु धड्किरहेको तर श्वास नचलेको (Birth Asphyxia ) बच्चाले जन्म लियो। हाम्रो स्वासलाई थाती राखेर बच्चाको स्वासलाई जीवन दिने हाम्रो कर्तव्य (Neonatal Resuscitation) गर्यौं। करिब १०-१२ मिनेट पछि बच्चाले रोएर श्वास फेर्यो, हामीले हासेर स्वास फेर्यौं। त्यस्पछी त्यो बच्चाको अनुहारमा आएको हाँसो, कुनै परिको भन्दा कम छैन। मध्यरातमा एउटा अस्पताल तथा अहोरात्र बिरामीको सेवामा खाटिने स्वास्थ्यकर्मीलाई यो भन्दा अर्को खुसी के होला ?

**स्याङ्गजा अस्पतालको फेसबुकबाट साभार**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पर्वतको आयोजना तथा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको प्राविधिक सहयोगमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र पर्वतको न्युनतम सेवा मापदण्ड (MSS) अन्तर्गतको दोस्रो लेखाजोखा सम्पन्न भएको छ । सो कार्यक्रममा स्रोत व्यक्तिका रुपमा गण्डकी आयुर्वेद औषधालयका प्रमुख डाक्टर कुमार कासुला, सामाजिक बिअकश तथा स्वास्थ्य नाम्त्रालय, गण्डकी प्रदेशका आयुर्वेद चिकित्सक डाक्टर मधुरजी ढकाल, स्वास्थ्य निर्देशानलय, गण्डकी प्रदेशका बरिष्ठ कविराज निरिक्षक नबिन किरण भुसालको उपस्थिति रहेको थियो। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पर्वतले यस आ.व.को दोस्रो लेखाजोखामा ५२% अंक प्राप्त गरेको छ।

### नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana

### यूरिक एसिड नियन्त्रण गर्ने शीर्ष ७ खानेकुरा

https://hd.gandaki.gov.np/list/news/yaraka-esada-nayanataranae-garana-sharashha-khanakara



धौलगिरी आयुर्वेद औशधलय बागलुङको आयोजना तथा जिल्ला प्रहरी कार्यलय, बागलुङको समन्वयमा ट्राफिक प्रहरीहरुका लागि नस्य तथा जलनेती कृया कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य शाखा अन्नपुर्ण गाउँपालिका, म्याग्दीको आयोजना तथा वेनी अस्पतालको समन्वयमा अन्नपुर्ण-७ मा नसर्ने रोगहरु सुगर र प्रेसर रोग सम्वन्धि स्क्रिनिंग तथा डाक्टरहरुवाट स्वास्थ्य परिक्षण र औषधोपचार कार्यक्रम संचालन भएको छ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




मातृ तथा नवशिशु स्वास्थ्यलाई अझ सुदृढीकरण गराउनको लागी महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाहरुलाई Pregnancy registration & Tracking Program सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा दमौली अस्पताल, तनहुँको न्यूनतम सेवा मापदण्ड (MSS) अन्तर्गतको तेहौं फलोअप सम्पन्न भएको छ। दमौली अस्पताल, तनहुँको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखामा ८५% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा गोरखा अस्पतालका मेशु डाक्टर सिद्धार्थ खनाल, लमजुङ्ग अस्पतालका मेशु डाक्टर बिशाल तिवारी, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र न्युनतम सेवा मापदण्ड कार्यन्वयन अधिकृत उर्मिला बरालको उपस्थिति रहेको थियो।




"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

## एचआईभी र एड्स: सामान्य जानकारी

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara



कालिगण्डकी गाउँ पालिका, स्याङ्जाले गर्भवती महिलाको लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गरेको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार



स्वास्थ्य कार्यालय, बाग्लुङ्ग को आयोजनामा कुष्ठरोग दिवसको अवसरमा बिबिध कार्यक्रमको आयोजना गरेको छ।

## यसकारण हुन्छ गर्भावस्थामा बान्ता

https://hd.gandaki.gov.np/list/news/yasakaranae-hanachha-garabhavasathama-bnata



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा स्याङ्जा अस्पताल, स्याङ्जाको न्यूनतम सेवा मापदण्ड (MSS) अन्तर्गतको बाहौं फलोअप सम्पन्न भएको छ। स्याङ्जा अस्पताल, स्याङ्जाको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखामा ८६% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा गोरखा अस्पतालका मेशु डाक्टर सिद्धार्थ खनाल, लमजुङ्ग अस्पतालका मेशु डाक्टर बिशाल तिवारी, क्षयरोग उपचार केन्द्र, कास्कीका निमित्त निर्देशक डाक्टर रमेश प्रसाद आचार्य, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र न्युनतम सेवा मापदण्ड कार्यन्वयन अधिकृत उर्मिला बरालको उपस्थिति रहेको थियो। कार्यक्रमको अध्यक्षता अस्पताल ब्यबस्थापन समितिका अध्यक्षले गर्नुभएको थियो।

## जाडोमा आगो 🔥ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय—समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलर लामो समयसम्म बाथरुममा बस्ने नगरौं।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार





### जाडोमा निमोनियाः बेवास्ता गरे ज्यानमारा हुनसक्छ।

https://hd.gandaki.gov.np/list/news/jadama-namanaya-bvasata-gara-jayanamara-hanasakachha
https://hd.gandaki.gov.np/list/news/aatha-ragaka-upacarama-lkhathakha-lkhasamama-sahalyata-kahabta-kasara-painachha

### जाडोमा नानीबाबुहरुको यसरी गर्नुहोस हेरचाह।

https://hd.gandaki.gov.np/list/news/jadama-nanabbharaka-yasara-garanahasa-haracaha

## मानसिक स्वास्थ्य : सबैको अधिकार






धौलागिरी अस्पताल, बाग्लुङ्गको आयोजनामा ६२औं नेपाल नर्सिङ दिवसको अवसरमा यस अस्पतालमा विविध कार्यक्रम सम्पन्न भएको छ। अस्पताल व्यवस्थापन समितिका सदस्य कृष्ण शंकर श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नर्सिङ कर्मचारीहरुले गित, नृत्य र विभिन्न स्वास्थ्य संग सम्वन्धित प्रदर्शनी प्रस्तुत गर्नुभएको थियो। वरिष्ठ नर्सिङ अधिकृत शान्ती भण्डारीको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत अस्पताल नर्सिङ निरीक्षक मिलन वरुवाल र कार्यक्रमको संचालन क्रमश सरला शर्मा लामिछाने र सुमित्रा ढकालले गर्नुभएको थियो। नर्सिङ दिवसको अवसरमा अस्पतालमा १३ जनाले रक्तदान गर्नु भएको थियो भने विगत दुई वर्ष देखि कार्यरत स्टाफ नर्स दिपा पुनलाई विदाई गरिएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा नियमित खोपको सुदृढीकरण, खोप छुट बच्चालाई खोप पूरा गराउनको लागि स्थानिय एफ रेडियोहरुबाट सूचना प्रसारण (माघ देखि वैशाख सम्म) गर्न तथा कुष्ठरोग दिवसको अवसरमा संचारकर्मीहरुसंगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामामा पोषण कार्यक्रमको आ.ब. २०७९/८० को जिल्ला स्तरीय समिक्षा कार्यक्रममा पोषणका विभिन्न सूचकांकहरुको बृहत् विश्लेषण र आगामी कार्यदिशा सहित सम्पन्न भएको छ। उक्त समिक्षा कार्यक्रममा स्वास्थ्य कार्यालय म्याग्दीका कार्यालय प्रमुख भुवन ठकुराठी, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका जनस्वास्थ्य अधिकृत एवं पोषण फोकल पर्सन रविना ठगुन्ना, ६ वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख र पोषण फोकल पर्सन लगायतको उपस्थिती रहेको थियो भने कार्यक्रममा बालभिटा, पोषण गुणस्तर सुधार निर्देशिका लगायत पोषण सम्बन्धि विभिन्न विषयमा छलफल र निकट भविष्यमा सबै स्वास्थ्य संस्थाबाट बालभिटा खुवाउने प्रतिबद्धता समेत गरिएको थियो।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनमा पूर्ण संस्थागत सुत्केरियुक्त जिल्ला घोषणा कार्यान्वयनका निम्ति गर्भवती दर्ता तथा अनुगमन सम्बन्धि महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुको अभिमुखीकरण समपन्न भएको छ। जिल्लाका दश स्थानीय निकायका महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुलाइ वहाँहरुको कार्यक्षेत्र अन्तर्गतको स्वास्थ्य संस्थामा सहभागी गराइ समपन्न अभिमुखीकरण कार्यक्रममा मोबाइल फोनबाट SMS को मार्फत नयाँ व्यक्ति दर्ता, गर्भ दर्ता, गर्भ जांच प्रतिबेदन, खतराको चिन्ह पहिचान भएमा प्रतिबेदन गर्न, जन्मावस्थाको प्रतिबेदन, PNC भेट प्रतिबेदन लगायत सेवा सुचारु गर्न र बन्द गर्ने सम्बन्धमा म.स्वा.स्व.से.हरुलाई प्रशिक्षण गरिएको थियो। कार्यक्रम कार्यान्वयन पश्चात घरमा हुने प्रसुतिलाई शुन्यमा पुर्याउन र सम्झना सन्देशको माध्यमबाट गर्भवती महिला , सुत्केरी र नवजात शिशुलाई सेवामा नियमित गराउने उद्देश्य राखिएको छ।

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा अस्पतालहरूमा Electronic Medical Record (EMR) System कार्यान्वयनको अवस्था, समस्या र चुनौती तथा समाधानका उपाय सम्बन्धी मन्त्रालयमा गठित कार्यदल र सरोकारवालाहरूसँग बैठक तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। उक्त बैठक तथा छलफल कार्यक्रम मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्माको अध्यक्षतामा सम्पन्न भएको थियो। उक्त अवसरमा मातृशिशु मितेरी अस्पतालका तथ्यांक प्रमुख तथा सूचना अधिकारी लक्ष्मण शर्मा पौडेल, संक्रामक तथा सरूवा रोग अस्पतालका कार्यकारी निर्देशक डाक्टर विकास गौचन, स्याङ्जा अस्पतालका प्रमुख डाक्टर रुक्मिना अधिकारी र बेनी अस्पतालका प्रमुख डाक्टर अन्जु थापा लगायतले EMR कार्यान्वयनको अवस्था, समस्या र चुनौती विषयमा छलफल गर्नुभएको थियोभने उक्त कार्यक्रममा मन्त्रालयका चिकित्सा सेवा महाशाखा प्रमुख डाक्टर रमेश कुमार के.सी.ले सहजीकरण गर्नु भएको थियो। साझेदार निकायहरू विश्व स्वास्थ्य संगठन (WHO), राष्ट्रिय आविष्कार केन्द्र (NIC) र निक साइमन्स ईन्स्टिच्युट (NSI) का विज्ञ तथा प्रतिनिधिहरूले सो सम्बन्धमा सुझाव सहित प्रस्तुतीकरण गर्नुभएको थियो। उक्त बैठक पश्चात् EMR कार्यान्वयनका क्रममा देखा परेका समस्याहरूको समाधानका उपाय सहित आआफ्नो जिम्मेवारी बहन गरी आपसी साझेदारी, समन्वय र सहकार्य गर्ने निर्णय भएको छ।



हुग्दिशिर स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा उपेक्षित उष्णप्रदेशीय रोग दिवसको अवसरमा सर्वोदय मा.वि. बरेङमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ, जसमा ५१ जना बिधार्थीहरुको उपस्थिति रहेको थियो।



गलकोट नगरपालिका, बाग्लुङ्गको आयोजनामा वडा नम्वर १ का वडा अध्यक्ष लाल बहादुर रानाको संयोजकत्वमा वडास्तरिय पोषण तथा खाध्य सुरक्षा निर्देशक समिति गठन गरि एक दिने पोषण सम्बन्धि अन्तरक्रिया र क्षयरोग मुक्त अभियान कार्यक्रम अन्तर्गत वडा स्तरिय समित गठन कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मीहरुलाई पहिलो चरणको छुट बच्चाको पहिचान भई पूर्ण खोप सुनिश्चितताको समिक्षा, नियमित खोपको सुदृढीकरण र पूर्ण खोप दिगोपनाको लागि सुक्ष्मयोजना अद्यावधिक २ दिने गोष्ठि सम्पन्न भएको छ। जिल्लाभित्र रहेका ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई घर घरमा गई खोप छुट बच्चाको खोजी गरी पूर्ण खोप दिलाई वडा, पालिका हुँदै बागलुङ जिल्लालाई नै पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गर्ने, नियमित खोप सेवा कार्यक्रमलाई सुदृढिकरण गर्ने, आगामी दिनहरुमा खोप कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रुपमा संचालन गर्नको लागि सूक्ष्मयोजना बनाउने तथा सरसफाई प्रबर्द्धन कार्यक्रम नियमित रुपमा संचालन गरी बालबालिकाहरुको पोषण अवस्थामा सुधार ल्याउने, सरसफाई युक्त व्यवहारमा परिवर्तन ल्याउने र पूर्ण खोप दिलाउने उदेश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो। स्वास्थ्य कार्यालय, बागलुङका प्रमुख जनस्वास्थ्य प्रशासक बाबुराम आचार्यको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको संचालन स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ निरीक्षक देव प्रकाश घिमिरेले गर्नुभएको थियो। स्वास्थ्य कार्यालय बागलुङका प्रमुख बाबुराम आचार्य, खोप सुपरभाइजर राजु खत्री र WHO/IPD का SMO डाक्टर स्मृति लामाले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा बागलुङ नगरपालिका, काठेखोला गाउँपालिकाका र बरेङ गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख, पालिका खोप फोकल पर्सन र स्वास्थ्य संस्थाका प्रमुखहरुको सहभागीता रहेको थियो ।



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय सुशीला सिंखडा, चुमनुब्री गाउँपालिका अध्यक्ष निमा लामा र धार्चे गाँउपालिका उपाध्यक्ष सुनिला गुरुङ्गको उपस्थितिमा गोरखा अस्पतालमा संचालनमा रहेको आ.इ.सि.यू. कक्ष र अस्पतालको स्थलगत भ्रमण सम्पन्न भएको छ।



काठेखोला गाउँपालिका, बाग्लुङ्गको आयोजनामा उपेक्षित उष्णप्रदेशीय रोग दिवसको अवसरमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




अमलाचौर स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा उपेक्षित उष्णप्रदेशीय रोग दिवसको अवसरमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।




पर्वत अस्पतालको ३४ औँ वार्षिकोत्सव तथा स्थापना दिवस भव्यताका साथ सम्पन्न भएको छ।



बिहुं आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा ग्रामिण स्वास्थ्य सुधार परियोजना विवाइसी वाग्लुडको सहकार्यमा विश्व कितजन्य रोग दिवस (NTDs) को अवसरमा काठेखोला गाउपालिका वडा नं ५ स्थित अमर माध्यामिक विधालय मा उपेक्षित उष्ण प्रदेशिय रोग अन्तरगत विभिन्न Tropical disease हरुमा छलफल गरि विधालय स्वास्थ्य शिक्षा कार्यक्रम सन्चालन गरिएको छ।



"उपेक्षित उष्ण प्रदेशिय रोग निवारण, सहकार्य र एकता हाम्रो उदाहरण" भन्ने नाराका साथ बाग्लुङ्ग-६ लहरेपिपल मा.वि.मा मनाएको छ। जस कार्यक्रम अध्यक्षता लहरेपिपल मा.वि.का प्रधानध्यापक कृष्ण प्रसाद सुवेदी, प्रमुख अतिथि बागलुङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख राम प्रसाद खनालको उपस्थितिमा, कार्यक्रम सञ्चालन लहरेपिपल स्वास्थ्य चौकिका प्रमुख विष्णुनाथ सापकोटाले गर्नु भएको थियो। स्वागत मन्तव्य बागलुङ नगरपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत डिल्ली प्रसाद आचार्यले राख्नुभएको थियो। मन्तव्य स्वास्थ्य कार्यालय बागलुङका मलेरिया इन्स्पेक्टर कमला थापाले राख्नुभएको थियो। कार्यक्रमको प्रस्तुतिकरण बागलुङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख राम प्रसाद खनालले प्रस्तुति राख्नु भएको थियो।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार



अधिकारीचौर स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा विश्व उपेक्षित उष्णप्रदेशिय रोग दिवस" 'उपेक्षित उष्णप्रदेशिय रोगको निवारण सहकर्य र हाम्रो उदाहरण' भन्ने मुल नाराका साथ भुजी मा.वि. अधिकारि चौरमा बिधालय स्वास्थ्य शिक्षा सन्चालन भएको छ।



स्याङ्जा अस्पतालमा फिजियोथेरापी सेवा सुरु भएको छ। गण्डकी प्रदेश सरकारको सहयोगमा भौतिक संरचनासहित उपकरण उपलब्ध भएपछि अस्पतालले सेवा सुरु गरेको हो। अस्पतालले मेशिन र हातका माध्यमबाट उपचार हुनेछ। अस्पतालमा दैनिक ७/८ जनासम्म फिजियोथेरापीका लागि आउने गरेका छन्।



आधारभूत स्वास्थ्य सेवा केन्द्र, खर्बाङमा ३००० ग्राम तौल भएको शिशु (छोरी) को जन्म भएको छ। साथै सुनौलो १००० दिनका आमाहरुलाई पोषण कोशेली बितरण कार्यक्रम अन्तर्गत सुत्केरी आमा लाई पोषण कोशेली वितरण गरिएको छ।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनमा नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन (IMNCI) कार्यक्रमको आ.ब. २०७९/८० को जिल्ला स्तरीय समिक्षा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा म्याग्दी जिल्ला अन्तर्गतका ६ वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, IMNCI फोकल पर्सन तथा सबै स्वास्थ्य संस्थाका पोषण फोकल पर्सनहरु लगायतको उपस्थिति रहेको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




गण्डकी आयुर्बेद औषधालय, कास्की



म्याग्दे गाउँपालिका, तनहुँको आयोजनामा मिर्गौला परिक्षण कार्यक्रम संचालन भएको छ।



ईलाका प्रहरी कार्यालय, हुवास पर्वतको पैयुं गाउँपालिका-५ स्थित क्यामुने भञ्याङ माध्यामिक विद्यालयमा सोही विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यज्ञ प्रसाद न्यौपानेको अध्यक्षतामा कक्षा ९-१० का विद्यार्थी/शिक्षकको उपस्थितिमा सामुदायिक कार्यक्रम अन्तर्गत साईबर सुरक्षा सम्बन्धि सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ।




स्याङ्गजा अस्पतालमा स्वास्थ्य बिमा सम्बन्धि छलफल कार्यक्रम संचालन भएको छ।



प्रहरी चौकी, वहाकीठाँटी पर्वतको आयोजनामा बिहादी गाउँपालिका-४ आमा समुहको अध्यक्ष टिका भुसालको अध्यक्षतामा स्थानिय जनप्रतिनिधी, समाजसेवी, बुद्दिजिवी, भद्रभलादमी, समाजसेवी सर्वसाधारणहरुको उपस्थितीमा सामुदायिक कार्यक्रम अन्तर्गत घरेलु हिंसा न्यूनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङको आयोजनामा राइनास नगरपालिका-७, गरमवेसी स्थीत आधारभुत स्वास्थ्य केन्द्रमा स्तनपायी आमाहरुलाई मातृशिशु सुरक्षार्थ सतावरी चुर्ण र दशमुल तेल वितरण कार्यक्रम संचालन भएको छ।



पर्वत अस्पतालको सहयोगमा ट्राफिक प्रहरी कर्मचारीहरुको निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङको आयोजनामा "हरेक बिहिबार TB बार" भन्ने मूल नाराका साथमा नियमित TB (क्षयरोग) बिरामीहरुको तौल अनुगमन तथा चेकजाच सम्पन्न भएको छ।



सामुदायिक सेवा केन्द्र अम्बोट, पर्वतको आयोजनामा अम्बोटमा आमा समुह, स्थानिय मानिसहरुको उपस्थितिमा सामुदायिक कार्यक्रम अन्तर्गत लैङगिक हिंसा न्यूनिकरण सम्बन्धि सचेतनामुल कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




स्वास्थ्य कार्यालय, कास्कीको आयोजनामा पुर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अन्तरगत म.स्वा.स्वं.से तालिम सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा "फेब्रुअरी महिना आयोडिन सचेतना महिना" को अवसरमा “सहि मात्रामा खाऔं, दुई बालबालिको चिन्ह अंकित आयोडीनयुक्त नुन नै खाऔं" मुल नाराका साथ पर्वतमा क्रियाशिल पत्रकारहरु विच अन्तरक्रिया कार्यक्रम सम्पन भएको छ ।कार्यक्रमको सहजीकरण जिल्ला अस्पताल पर्वतका प्रमुख डाक्टर हेमन्त बास्तोलाले गर्नु भएको थियोभने कार्यक्रमको संचालन तथा स्वागत स्वास्थ्य कार्यालय पर्वतका फोकल पर्सन तेज प्रसाद सुवेदीले गर्नुभएको थियो।




मंगला गाउँपालिका, स्वास्थ्य शाखाको आयोजनामा क्षयरोग कार्यक्रमको अर्धवार्षिक समिक्षा कार्यक्रम क्षयरोगको सक्रिय खोजपडताल गर्ने निर्णय र प्रतिबद्ताका साथ सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, म्याग्दी र अन्नपूर्ण गाउँपालिका स्वास्थ्य शाखाको आयोजना तथा मेडिकल मोबाइलको समन्वयमा घार स्वास्थ्य चौकीमा महिला सामुदायिक स्वास्थ स्वयं सेविकाहरुको लागि पुर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा कार्यक्रमका लागि गर्भवती दर्ता तथा अनुगमन सम्बन्धि तालिम सम्पन्न गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




‘थोरै खाऔं, सहि मात्रामा खाऔं, दुई बालबालिकाको चिन्ह अकित आयोडिन युक्त नुन नै खाऔं । आयोडिनयुक्त नुनको थप प्रवर्धन तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले फेब्रुअरी महिनालाई आयोडिन महिनाका रुपमा विभिन्न कार्यक्रम आयोजना गरी मनाउन सुरुआत गरिएको छ। नेपाल युनिभर्सल साल्ट आयोडाइजेसनको सदस्य देश हो। नेपालमा सन् १९९८ देखि फेब्रुअरी महिनालाई आयोडिन महिनाका रुपमा मनाइँदै आइएको छ । विशेषगरी साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सहित सम्बन्धित निकायका सहकार्यमा आयोडिनको कमीले हुने समस्यालाई निवारण गर्न जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ। यसवर्षको नारा ’थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिका चिह्न अङ्कित आयोडिनयुक्त नुन नै खाऔं” भन्ने रहेको छ। हाल आयोडिनको कमीबाट उत्पन्न विभिन्न समस्यामध्ये देखिने गलगाँड ’भिजिबल गोइटर’ समुदायमा देखिएको छैन। सन् १९८६ मा देखिने गलगाँड ४४.२ प्रतिशत रहेकामा सन् २००७ मा ०.४ प्रतिशतमा झर्न सफल भएको थियो। सरकारले दिएको निर्देशनअनुसार कर्पोरेसनले आयोडिनयुक्त नुनको आपूर्ति गर्दै आएको छ। सरकारले उचित मात्रामा आयोडिन भएको नुन उपभोग गर्ने घर सङ्ख्या शत प्रतिशतमा पुर्याउने नीति लिएको छ। आयोडिनको कमीबाट हुने शारीरिक एवं मानसिक कमजोरीका विषयमा जनचेतना मूलक कार्यक्रमबाट जानकारी दिन शिक्षक, विद्यार्थी, स्वास्थ्यकर्मी तथा जनसमुदायहरुलाई क्रमशः स्वास्थ्य संस्था, विद्यालयमा कार्यक्रम, हाटबजारमा माइकिङ, चेतनामूलक स्वास्थ्य शिक्षा प्रदान गरिदै आएको छ।



आधारभूत स्वास्थ्य सेवाकेन्द्र खर्बाङ्गको आयोजनामा नियमित घरदैलो सुत्केरी र नवजात शिशु स्वास्थ्य जाँच सेवा (PNC Home Visit) कार्यक्रम संचालन भएको छ।




# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




अन्नपूर्ण गाउँपालिका, म्याग्दी र भूरुङ्ग तातोपानी स्वास्थ्य चौकीको संयुक्त आयोजनामा पालिका अन्तर्गत रहेको सामान्य स्वास्थ्य परीक्षण, बालबालिकोको पोषण स्थिती [MUAC] मापन, हात धुने बारे स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।




पाँचखुवा स्वास्थ्य चौकी, गोरखाले शैलपुत्री मा.बि.मा अध्ययनरत किशोर-किशोरीहरुको लागि संचालन भएको पोषण सम्बन्धि कार्यक्रममा रक्त-अल्पताको अवस्था।






मालिका गाउँपालिका, म्याग्दीको आयोजनामा ग्रामिण अल्ट्रासाउण्ड (RUSG) कार्यक्रम निस्कोट स्वास्थ्य चौकीमा संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




स्वास्थ्य कार्यालय, स्याङ्गजाको आयोजनामा यस आ.ब.को अर्धवार्षिक डाटा, वार्षिक कार्ययोजना र eLMIS सम्वन्धी छलफल तथा आगामी दिनमा स्थानीय र जिल्ला कार्यक्रमको कार्ययोजना तयारी कार्यक्रम सम्पन्न भएको छ।



ईलाका प्रहरी कार्यालय, लुंखुदेउराली पर्वतको आयोजनामा महाशिला गाउँपालिका-१ होश्राङ्दी स्थित श्री गोर्लाङधाम नि.मा.वि.मा सोही बिद्यालयका प्रधानाध्यापक चेत बहादुर रानाको अध्यक्षतामा शिक्षक, शिक्षिका र बिद्यार्थीहरुको उपस्थितीमा सामुदायिक कार्यक्रम अन्तर्गत लागुऔषध नियन्त्रण सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**क्यान्सरलाई समयमै पत्ता लगाउन सकिएमा निको हुन्छ। त्यसैले ५० वर्षभन्दा बढी उमेरका व्यक्तिले वर्षमा एक पटक रगत, पिसाब, कलेजो, मिर्गौला, सुगर र हड्डीको जाँच गर्नुपर्छ। केही लक्षण छ भने लक्षणको आधारमा जाँच गर्नुपर्छ।**



बडिगाड गाउँपालिका वडा नः१० दर्लिङ्ग सामुदायिक स्वास्थ्य इकाईमा प्रतेक महिनाको शुक्रबार सरफाइ कार्यक्रम नियमित संचालन भएको छ।



मोदी गाउँपालिका, पर्बतको आयोजनामामा विद्यार्थीको सामान्य स्वास्थ्य जांच कार्यक्रम संचालन भएको छ जसमा विभिन्न विद्यालयका १३८ विद्यार्थीलाई सेवा दिईएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




बारपाक सुलिकोट गाउँपालिका, गोरखाको आयोजनामा पालिकास्तरीय पोषण मैत्री गाउँपालिका कार्यक्रम सौरपानी स्वास्थ्य चौकीमा संचालन भएको छ। कार्यक्रममा पोषिलो जाउलो प्रदर्शनी साविक वडा नं ५ र ६ का सुनौलो हजार दिनका आमा तथा गर्भवती महिलाहरूलाई पोषिलो जाउलो बनाउन चाहिने आवश्यक सामग्री र पकाउने तरिका, हरेक बार खाना चार, स्तनपानको महत्व, बच्चालाइ पुरक तथा थप आहारबारे स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएकोछ।



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङको आयोजनामा "फेब्रुअरी महिना आयोडिन महिना" "थोरै खाऔं, सहि मात्रामा खाऔं, दुई बालबालिका चिन्ह अकित आयोडिन युक्त नुन नै खाऔं" भन्ने मुल नाराका साथ आयोडिन महिना मनाउदै साथै नियमित खोप कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सहभागी भएका आमाहरुलाई पुरक तथा खाना सम्बन्धी परामर्श र सरसफाइ प्रवर्द्धन सम्बन्धि स्वास्थ्य शिक्षा संचालन हुनुको साथै २ वर्ष भित्रका बालबालिकाको वृद्धि अनुगमन तथा बालभिटा प्रदान गरिएको छ।




गलकोट नगरपालिका, बाग्लुङ्ग स्वास्थ्य शाखाको आयोजनामा दुदिलाभाटि स्वास्थ्य चौकीमा गर्भवती महिलाहरुका लागि निःशुल्क भिडियो एक्सरे सेवा कार्यक्रम संचालन भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


# साप्ताहिक समाचारपत्रिका

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङको आयोजनामा ट्राफिक प्रहरीहरुका लागि नश्य तथा जलनेती क्रिया सञ्चालन कार्यक्रम सम्पन्न भएको छ। प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारीको प्रमुख आतिथ्यता, प्रहरी नायव उपरिक्षक मिन बहादुर घले, वेसिशहर नगरपालिका-३ का वडा अध्यक्ष चित्र बहादुर दनाइ, जिल्ला ट्राफिक कार्यालय प्रमुख प्रदिप अधिकारीको उपस्थिती तथा राष्ट्रिय आयुर्वेद अनुषन्धान तथा तालिम केन्द्र किर्तिपुरका वरिष्ट कन्षल्टेन्ट आयुर्वेद विज्ञ डाक्टर विकास राज घिमिरेको प्रमुख प्रशिक्षणमा सञ्चालन भएको कार्यक्रममा वायु प्रदुषण तथा यसले स्वास्थ्यमा पार्ने असर, नश्य तथा जल नेतीको व्यवाहारीक प्रशिक्षण, ब्लड सुगर परिक्षण, रक्तचाप परिक्षणका साथ साथै स्वास्थ्य सामाग्रीहरु vaporizer मेसिन, जलनेती पट, ब्राह्मी तेल, षडविन्दु तेल वितरण गरिएको थियो।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**






स्वास्थ्य तालिम केन्द्र, पोखराको आयोजनामा मुख स्वास्थ्य सम्बन्धि आधारभुत तालीम (Basic Oral Health Training) संचालन भएको छ।



दगातुन्डाडा स्वास्थ्य चौकि, बाग्लुङ्गको आयोजनामा नौटुवा खोप क्लिनिकमा नियमित खोप कार्यक्रम, सरसफाइ प्रबर्द्धन कार्यक्रम सङ्गै "फेब्रुअरि महिना आयोडिन महिना" आयोडिनको फाइदा, आयोडिनको दैनिक आवश्यकता, आयोडिनको कमिबाट हुने असरहरुको बारेमा छलफल गरि सम्पन्न भयो।

**बालबालिकाहरुलाई पौडि खेल्ने सिप सिकाउनु पर्छ र सिप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ।**

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ। अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार




स्वास्थ्य सेवाको समतामुलक पहुँच नपुग्ने ठाउँमा बस्दा त्यसको प्रत्यक्ष असर समुदाय र लक्षित समुहमा पर्दछ। दुर्गमका बस्तिमा बस्नुहुने समुदायको पिडामा मल्हम लगाउनका लागि स्थानिय सरकारले दिने स्वास्थ्य सेवा र सुबिधाका निम्ती दुरदराजमा रहेका अति गरिब, बिपन्न बर्ग तथा चेतनाको कमि भएका नागरिकहरु माझ पुग्नुपर्छ भन्ने गण्डकी प्रदेश सरकारको लक्ष्य छ। यसमा गण्डकी प्रदेशका सबै स्थानीय तहका स्वास्थ्य शाखाको आयोजनामा जेष्ठ नागरिकको घरमा स्वास्थ्य परिक्षण कार्यक्रम नियमित संचालन भएको छ। @ बडिगाड गाउँपालिका, बाग्लुङ्ग




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा मानब सेवा आश्रम, लमजुङ्ग शाखाको एकिकृत अनुगमन सम्पन्न भएको छ। गण्डकी प्रदेशमा मानशिक स्वास्थ्य तथा अन्य कारणबाट प्रभावित भएका व्यक्तिहरुको पुनर्स्थापना गर्ने उद्देश्यले संचालित संस्थाहरुको अनुगमन गर्ने क्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको प्रतिनिधिहरु र मातहतका कार्यालयका प्रतिनिधिहरुको समूहले अनुगमन गरेको हो। अनुगमन पुनर्स्थापित व्यक्तिहरुको अवस्था, भौतिक संरचना, खाना र बासको ब्यबस्थापन, सौचालय तथा सरसफाईको अवस्था, औषधि तथा स्वास्थ्य सेवा, सेवामा खटिएको जनशक्ति, अन्य सरोकारवालाहरुसंगको समन्वय लगायतका बिषयमा केन्द्रित रहेको थियो। अनुगमनमा लमजुङ्ग अस्पतालका मेशु डाक्टर बिशाल तिवारी, स्वास्थ्य कार्यालय, लमजुङ्गका मानशिक स्वास्थ्य कार्यक्रमका फोकल पर्सन दिपक बम्जन, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका मानशिक स्वास्थ्य कार्यक्रमका फोकल पर्सन तथा बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र न्युनतम सेवा मापदण्ड कार्यन्वयन अधिकृत उर्मिला बरालको उपस्थिति रहेको थियो।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७८, वर्ष ५, २०८० माघ २१, February 4, 2024 आइतबार



"छोरा बोकेर स्कुटर चलाउँदै स्वास्थ्यकर्मी" व्यास नगरपालिका-११, तनहुँ स्थित बेलटारी सहरी स्वास्थ्य केन्द्रकी सिनियर अहेव एवम् स्वास्थ्य इन्चार्ज गीता रखाली मगर छोरालाई पिठ्यूँमा बोकेर स्कुटरमा घरतर्फ फर्किंदै।






तप्राङ्ग स्वास्थ्य चौकी, कास्कीको आयोजनामा मधुमेह तथा थाइरोइड रोग सम्बन्धि एकदिने सचेतनामुलक कार्यक्रम संचालन भएको छ।




**सम्पादक**
**नवराज शर्मा**
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com

